*SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal*
*Vol. 1, 2024, 107-113*
*DOI: https://doi.org/10.69476/sdpr.2024.v01i01.010*
*Review Article*

# भाषा सिकाइमा उखानटुक्का शिक्षणको उपयोगिता

**हेमा जोशी**
विद्यावारिधी अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कञ्चनपुर नेपाल

**ARTICLE INFO**

***Corresponding Author***
**Hema Joshi**

***Email***
joshihema262@gmail.com

***Article History***
*Received: 01 March 2024*
*Accepted: 15 April 2024*

***Orcid***
*https://orcid.org/0009-0002-1895-4489*

***Cite***
Mainali, G. P. (2024). भिाषा सिकाइमा उखानटुक्का शिक्षणको उपयोगिता. *SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal, 1*(1), 107-113.
*https://doi.org/10.5281/zenodo.11062956*

**ABSTRACT लेखसार**

प्रस्तुत लेखमा भाषा सिकाइमा उखानटुक्का शिक्षणको उपयोगिताको अध्ययन गरिएको छ। यसका लागि पुस्तकालयीय विधिबाट द्वितीयक स्रोतका सामग्री संकलन गरी तिनको अध्ययन विश्लेषणका साथ निष्कर्ष निकालिएको छ । जीवनका विविध अनुभव र चिन्तनमा आधारित भनाइलाई उखानटुक्का भनिन्छ । मानिसहरुले उखानटुक्काको प्रयोग दैनिक जीवनमा प्रशस्त गर्दछन । मानव जीवन भोगाइका क्रममा विभिन्न घटनाहरु घट्ने गर्दछन। यिनै घटनाहरु एकआपसमा भन्ने र सुन्ने क्रममा मानिसले उखानटुक्को प्रयोग गर्दै आएका छन्। मानवजीवनको लामो अनुभवबाट खारिएका हुनाले भाषा सिकाइमा यिनको प्रयोगले भनाइलाई ओजर्पूण, प्रभावकारी, सान्दर्भिक र सुत्रात्मक बनाउँछन्। भाषा सिकाइमा यिनलाई पूर्ख्यौली सम्पत्तिका रुपमा लिइन्छ। यस्ता उखानटुक्काहरुले मानव सभ्यताको प्राचीन समयमा घटेका घटना तथा वस्तुस्थितिको लक्षण बोकेका हुन्छन । यिनले वाच्यार्थ भन्दा लक्ष्यार्थमा जोड दिन्छन। यस लेखले उखानटुक्का के हुन ? भाषा सिकाइमा यस्ता उखानटुक्काहरु के कति उपयोगी छन् भन्ने कुरा पत्ता लगाइ उपयुक्त निष्कर्ष निकालिएको छ। गुणात्मक विधिलाइ अवलम्वन गरी लेखिएको यस लेखमा भाषा सिकाइका दृष्किोणबाट उखानटुक्का शिक्षणको उपयोगिता प्रस्ट पार्दै भाषा सिकाइलाई अझ प्रभावकारी बनाउन उखानटुक्का शिक्षणको प्रयोगमा जोड दिनुपर्ने निष्कर्ष अगाडि सारिएको छ।

**शब्दकुन्जी:** पूर्ख्यौली, खिरिलो, सुत्रात्मक, अवलम्बन, जुर्वल

## विषयप्रवेश

भाषा व्यवहार विनिमयको महत्त्वपूर्ण साधन हो । मानिसले सुरुमा कथ्य र त्यसपछि लेख्य भाषाको प्रयोग गर्दै आइरहेको छ। भाषाको सिकाइ पहिले अनौपचारिक र त्यसपछि औपचारिक माध्यमबाट गर्दै आएको हुन्छ। यसै क्रममा उखानटुक्काको समेत सान्दर्भिक प्रयोग गर्दै आइरहेको छ । भाषा सिकाइमा उखानटुक्काको प्रशस्त प्रयोग गरिन्छ । त्यसमा पनि कथ्य भाषामा यसको प्रयोग अत्यधिक मात्रामा हुने गर्दछ। यस्ता उखानटुक्काको सान्दर्भिक प्रयोगले भाषा सिकाइलाई अर्थयुक्त र प्रभावकारी बनाउँछ। उखानमा व्यावहारिक अनुभवका गहकिला उदाहरणहरु प्रस्तुत गरिन्छन। उखान मानवीय जीवनका अनुभूतिहरुको खदिलो प्रकाशन हो (पराजुली, २०५७, पृ. १८१) । उखानटुक्का मानवीय जीवनका प्रतिविम्वन हुन । जसले भाषाका माध्यमबाट व्यवहार सुधार, नैतिक शिक्षा र सन्देश प्रस्तुत गरिएका हुन्छन् । उखानटुक्काहरुको प्रकृति प्राय: वाक्यांशमूलक र वाक्यात्मक किसिमको हुन्छ।

विशेष र लाक्षणिक अर्थमा प्रयुक्त हुने पदावली वा वाक्यांशलाई टुक्का भनिन्छ । यस्ता पदावली वा वाक्यांशले साधारण अर्थ छोडेर सारगर्भित अर्थवहन गरेका हुन्छन्। टुक्काको सार्थकता प्रयोगमा हुन्छ र प्रयोगद्वारा नै


*Copyright (c) 2024: Author(s). Published by Sudur Paschimanchal Campus (SPC), Kailali, Nepal*

अर्थज्ञान पनि गर्न सकिन्छ (पराजुली, २०५७, पृ. १८६) । तसर्थ यिनको प्रयोग गर्दा सन्दर्भसहित वाक्यात्मक ढाँचामा गर्नुपर्ने हुन्छ। भावको तीक्ष्णता र शब्दशक्तिको वैचित्र्यता सिर्जना गर्नका लागि नै टुक्काको प्रयोग गर्नु सान्दर्भिक हुन्छ । उखानटुक्का प्रयोगको उचित तौरतरिका सिक्ने सिकाउने उपयुक्त माध्यम भनेको भाषा शिक्षण हो । भाषाको शिक्षणमा भाषाका आधारभूत एकाइहरू ध्वनि, वर्ण, रूप, वाक्य, अर्थ हुँदै शब्दभण्डार र उखानटुक्कासम्म समेटिने गर्दछन् । जसमध्ये उखानटुक्काको औचित्यपूर्ण प्रयोगलाई उच्चतम दक्षतायुक्त कार्य मानिन्छ। यस्तो गहन र महत्त्वपूर्ण भाषिक क्षेत्रको ज्ञानका लागि विद्यार्थीलाई भाषा शिक्षण गर्न तयार पारिएका पाठ्यपुस्तक र सन्दर्भ सामग्रीमा तिनको उपयुक्त प्रयोग गरिएको हुनु अनिवार्य छ । यसै पृष्ठभूमिमा भाषा सिकाइमा उखानटुक्का शिक्षणको उपयोगिताको अध्ययनमा प्रस्तुत लेख केन्द्रित गरिएको छ।

## समस्याको कथन

लोकजीवनमा चलिआएका सारपूर्ण कथन वा लोकोक्तिलाई उखान–टुक्का भनिन्छ जसले विशेष अर्थ वा सन्देश दिन्छ । उखान भन्नाले गहन अर्थ र भाव बोकेका परम्परागत रूपमा चल्दै आएका भनाइहरू भन्ने बुझिन्छ । आफ्नो वास्तविक अर्थ गुमाएर छुट्टै तर विशिष्ट अर्थ बोक्ने शब्द समूहलाई टुक्का भनिन्छ । भाषा सिकाइमा उखानटुक्का शिक्षणको उपयोगिताको अध्ययनबारे आलेखका लागि निम्नलिखित समस्याहरू पहिचान गरिएका छन्।

- उखानटुक्का भनेको के हो ?
- उखानटुक्का शिक्षणको उत्पत्ति र विकास कसरी भएको हो ?
- उखानटुक्काका विशेषता र नेपाली भाषामा प्रयोग हुने उखानटुक्का र तिनको अर्थहरू के के हुन्।

## अनुसन्धानको उद्देश्य

उखानटुक्का समाजका साझा अभिव्यक्ति हुन। भनाइलाई तिख्खर बनाउनु यिनको मौलिक विशिष्ट संरचना हो । लामो अनुभवबाट खारिएर कथ्य र लेख्य रुपमा मानवजीवनमा बसेका उखानटुक्का अभिव्यक्ति अनूकुल प्रयोग हुन्छन् । भाषा सिकाइमा उखानटुक्का शिक्षणको उपयोगिताको अध्ययन गरी  भाषा शिक्षणलाई प्रभावकारी बनाउन  यसको सिकाइमा जोड दिनु पर्दछ। यस लेखमा भाषा सिकाइमा उखानटुक्का शिक्षण उपयोगी हुन्छन भन्ने दृष्टिकोण अघि सार्दै शिक्षणलाई प्रभावकारी बनाउन यिनको सिकाइमा जोड दिनु पर्छ भन्ने उद्देश्य अगाडि सारिएको छ।

## अनुसन्धान विधि

यो लेख गुणात्मक ढाँचा प्रयोग गरी तयार पारिएको छ। यसका लागि वर्णनात्मक र विश्लेषणात्मक विधि उपयोग गरिएको छ। तथ्याङ्कहरू सङ्कलन र विश्लेषण गर्न यससँग सम्बन्धित पुस्तकहरू, पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू, अनुसन्धानात्मक कृति, कार्यपत्र र वेभ साइटको पनि अध्ययन गरी तर्क संगत तरिकाले विश्लेषण गरी व्याख्या गरिएको छ।

## सामग्री चयन

प्रस्तुत अध्ययनका शोध्य समस्यासहित सम्बन्धित सामग्रीहरूको सङ्कलन मूलतः पुस्तकालयीय कार्यबाट गरिएको छ। यसअन्तर्गत पनि प्राथमिक तथा द्वितीयक प्रकृतिको सामग्रीहरूको सङ्कलन गरिएको छ। आधार भूत सामग्रीका रूपमा भाषा सिकाइमा उखानटुक्का शिक्षणको उपयोगिताका लागि आवश्यक पर्याधार र अर्थापनका ढाँचा निर्धारणका लागि विभिन्न लेखक तथा अध्येताहरूद्वारा गरिएका पूर्वकार्यहरूलाई उपयोगमा ल्याइएको छ।

## सैद्धान्तिक अवधारणा

मानवीय लोक जीवनमा व्यावहारिक अनुभवबाट खारिएर निस्केका सूत्रात्मक ज्ञानवर्धक र सारगर्भित कथन नै उखान हुन्। यस्ता उखानले लोकजीजनमा विभिन्न क्रियाकलाप, रीतिथिति, बानीव्यहोरा, चालचलन विश्वास र दृष्टिकोण आदिका माफबाट अभिधेय अर्थ बोकेका हुन्छन् र भाषिक व्यवहारमा व्यङ्यार्थ लिएर प्रस्तुत हुन्छन्। लोकजीवनमा आएका सारपूर्ण कथन र लाक्षणिक अर्थ दिने पदावलीहरू उखानटुक्का हुन् । प्रयोगात्मक नेपाली शब्दकोशमा लोकजीवनमा चलेका सारपूर्ण कथन वा त्यस्ता उक्ति, लोकोक्ति, आहान आदि उखान हुन् भनी परिभाषित छ भन्ने कुरा उल्लेख गरेका छन् र उनका अनुसार नेपाली भाषामा रहेका यस्ता उखान तथा लोकोक्तिहरूले भाषालाई सबल,सुदृढ, मिठासपूर्ण बनाउँछन् । विषय एवम् प्रसङ्गअनुसार यस्ता उखानहरूको सही प्रयोगले भाषालाई अझ अर्थपूर्ण बनाउँछन् । उखानटुक्काको प्रयोगले लामो भनाइलाई समेत सङ्क्षिप्त बनाउन सहयोग गर्दछन्। प्रसङ्ग र विषयभन्दा बाहिर गएर उखानटुक्काको प्रयोग भएमा भाषिक मर्म हराएर जान्छ (लुइटेल र गौतम, २०७०, पृ. ५७)। उखान र टुक्का सन्दर्भ अनुसार प्रयोग

हुन्छ र सन्दर्भअनुसार अर्थ लाग्छ। विनासन्दर्भ र प्रसङ्ग उखानटुक्का प्रयोग गर्नुको कुनै अर्थ रहँदैन। उखान प्रत्येक जाति वा समाजका भाषिक समुदायमा मार्मिक तथा साझा अनुभवद्वारा विकसित हुन्छन् । उखानहरू मूलतः कथ्य भाषाबाट विकसित भए तापनि लेख्य भाषामा पनि तीव्र रूपमा प्रयोग हुँदै गएका छन् । उखानलाई बहुसङ्ख्यक मानिसको बोलचालको स्रोत पनि भनिन्छ । उखानमा लोकका सारगर्भित भनाइ रहन्छन् यसबाट पनि के स्पष्ट हुन्छ भने उखानहरू लोकका अनुभवबाट फस्टाउँदै गइरहेका हुन्छन्। नेपाली भाषाको उखान शब्द संस्कृतको उपाख्यानबाट प्राकृतमा उक्खाण हुँदै नेपाली उखान बन्न गएको हो । नेपाली भाषामा उखान शब्द संस्कृतको उपख्यानबाट आएको भए तापनि यी दुईको अर्थ भेद भइसकेको छ। उपख्यान एक किसिमको कथा हो। भने उखान एउटा न एउटा लोक अनुभवलाई बोक्ने तथा लोक विश्वासलाई सूत्रवद्ध रूपमा अभिव्यक्त गर्न उद्गारका रूपमा प्रचलित छ। यस प्रकार कुनै पनि जातिका भाषिक समुदायमा विभिन्न व्यक्तिहरूले पुस्ताँपुस्तादेखि साझा अनुभवका रूपमा सँगालेका आख्यान तथा दृष्टान्तमूलक अभिव्यक्तिको सामान्यीकरण नै उखानको रूपमा चलेको हुन्छ। लोक अनुभवबाट माँझिँदै, खारिदै, फस्टाउँदै जाने हुनाले यसलाई लोकोक्ति पनि भनेको पाइन्छ।

## अर्थापनको ढाँचा

यस अध्ययनमा मूलतः आगमनात्मक, वर्णनात्मक, गुणात्मक विधिको उपयोग गरी भाषा सिकाइमा उखानटुक्का शिक्षणको उपयोगिताको बारेमा विश्लेषण गरिएको छ । लेखको विश्लेषणका लागि निर्धारित सैद्धान्तिक आधारको समेत उपयोग गरिएको छ। यस किसिमबाट लेखमा उपयोगमा ल्याइएको अर्थापनको ढाँचा यस प्रकार रहेको छ —

- उखानटुक्का शिक्षणको परिचय
- उखानटुक्का शिक्षणको उत्पत्ति र विकास
- उखानटुक्काका विशेषताहरु
- नेपाली भाषामा प्रयोग हुने केही उखानटुक्का र तिनको अर्थ

### उखानटुक्का शिक्षणको परिचय

नेपाली समाजमा परम्परादेखि चल्दै आएका सारपूर्ण, शिक्षामूलक, वाक्यात्मक अभिव्यक्तिलाई उखानटुक्का भनिन्छ। अङ्ग्रेजीमा proverd, उर्दुमा जुर्वल, हिन्दीमा कहावत, संस्कृतमा लोकोकत्ती र नेपाली भाषामा उखान वा आहान भनिने उखानटुक्काहरु संसारका जुनसुकै भाषा र साहित्यको प्रयोग भित्र पदर्छन। उखानटुक्का उच्चस्तरीय भाषिक परिष्कारसगँ सम्बन्धित भएकाले यिनको शिक्षण भाषा सिकाइमा उपयुक्त मानिन्छ । यसो हुनाले यसको शिक्षण आधारभूत तहदेखि क्रमशः स्तर वृदि गर्दै माध्यमिक तथा अफ त्यस भन्दा माथिल्ला कक्षामा विशेष चासो र तत्परताका साथ आवश्यक मानिन्छ । उत्कृष्ट अभिव्यक्ति क्षमता विकासको पृष्ठभूमिका रुपमा आधार भूत तहका पछिल्ला कक्षा र माध्यमिक तहमा विशेष अभ्यास गरी त्यसभन्दा माथि गहन रुपमा उखानटुक्काको शिक्षण गरिनुपर्छ । उखानटुक्का शिक्षण उच्चस्तरीय, प्रभावकारी तथा प्रौढ वा परिपक्क भाषिक अभिव्यक्ति सिपमा आधारित भएकाले यसको प्रयोजनीय विशिष्टता पनि तुलनात्मक रुपमा उच्चस्तरीय कक्षाहरुमै अन्तरनिहित र उपयुक्त मानिन्छ । उखानटुक्का शिक्षण उच्चस्तरीय अभिव्यक्ति सिपसँग सम्बन्धित पक्षको शिक्षण भएकाले यसको सिकाइ प्रयोग प्रसंगका आधारमा गर्नुपर्दछ। यसले सिकारुमा उच्चस्तरीय शब्दभण्डार क्षमताको विकास गर्ने उद्देश्य राखेको हुन्छ। त्यसैले भाषा सिकाइमा उखानटुक्का शिक्षणको उपयोगिता बढ्न गएको छ।

उखानटुक्काहरु भाषाका विशिष्ट प्रयोग प्रचलनमा आउने उच्चस्तरीय नीधि हुन। यिनले भाषालाई लाक्षणिक र व्यञ्जनात्मक अर्थ दिन, सारगर्भित प्रभावकारी र घतलाग्दा कार्य गरेका हुन्छन् । थोरैमा धेरै भन्न सक्ने मितव्ययी कथन भनाइको तरिकालाई सरस र सुमघुर तुल्याउने खुबी तथा शैली परिस्कार गरेर भाषिक अभिव्यक्तिलाई स्वादिष्ट र सौन्दर्ययुक्त बनाउने असीम क्षमता यिनमा पाइन्छ। जननमानसले परापूर्व कालदेखि भोग्दै अनुभव गर्दै र धारणामा साच्दै ल्याएका सूक्तिमय मारर्मिक अभिव्यक्ति नै उखानटुक्कामा हुने भएकाले भाषा क्षिषणमा यिनी महत्त्वपूर्ण र उपयोगी हुन्छन। उखानटुक्का भाषाका गहना हुन भाषा सिकाइमा यस्ता उखानटुक्का को प्रयोगले शिक्षण सिकाइ संक्षिप्त र सारगर्भित बन्दछ । नेपाली भाषा सिकाइमा पनि यस्ता उखानटुक्काहरुको प्रयोग प्रशस्त मात्रामा गरिएको पाइन्छ । नेपाली समाजमा उखानटुक्काहरुको प्रयोग प्रचलन प्राचीन समयदेखि हुँदै आइरहेको छ। त्यसैले यस्ता उखानटुक्कालाई पुर्खाको सम्पतिका रुपमा लिने गरिन्छ । हाम्रा पुर्खाहरुले घामपानी, हुरी, बतास आदि प्राकृतिक तत्वसँग जुध्दै र सामाजिक चालचलन परम्परा रीतिरिवाज भोग्दै तथा विकृति विसङ्गतिहरु झेल्दै निर्माण गरेका हुन। जसमा लोकजीवनका हर्ष विस्मात आँसु र हाँसोको संगम भेटाउन सकिन्छ। वास्तवमा नेपाली उखानटुक्काहरुमा हामी योग्य नेताको पथ प्रर्दशन, गम्भीर दार्शनिकताको बुद्धिमता,

लहडी कविको भावुक्ता, आदरणीय गुरुका उपदेश अनि दक्ष गृहस्थको व्यवहार पट्टुता पाउछौँ (पोखरेल २०४० पृ. १२१) । तसर्थ नेपाली भाषाका प्रयोक्ताहरुले उच्चस्तरीय प्रभावकारी एवम् प्रौढ भाषिक अभिव्यक्तिका लागि उखानटुक्काको उचित प्रयोग गर्न सिक्नै पर्ने अवस्था छ।

### उखानटुक्का शिक्षणको उत्पत्ति र विकास

उखानटुक्काको प्रयोग र विकास मानव सभ्यताको उत्पत्ति भएपछि मानिसले प्रयोग गर्ने भाषाको विकाससँगै भएको हो। मानिसले पुराना घटना र विषयलाई सम्भने क्रममा उखानटुक्काको प्रयोग भएको पाइन्छ। भाषा शिक्षणमा पनि मानिसले लेख्यभाषाको विकास र विस्तारसँगै यसको प्रयोग गर्दै आएका छन। मानिसले प्रयोग गर्ने कथ्य र लेख्य दुवैभाषामा यसको प्रशस्त प्रयोग हुने गरेको पाइन्छ । धार्मिक, साहित्यिक, ऐतिहासिक, पौराणिक, सामाजिक जुनसुकै किसिमका कृतिहरुमा समेत यसको प्रयोग हुने गर्दछ । यस्ता उखानटुक्काहरुले भाषाको सास्कृतिक र ऐतिहासिक पक्षहरुलाई भल्काएको हुन्छ । नेपाली समाजमा पनि उखानटुक्काहरुको प्रयोग भाषाको उत्पत्ति, विकास र विस्तारसँगै अघि बढेको देखिन्छ । प्राचीन समयदेखि पहिले कथ्य र त्यसपछि लेख्य भाषासँगै प्रयोग व्यवहारमा लोकप्रियता हासिल गर्दै वर्तमान समयमा भाषाका अमूल्य सम्पत्ती बनेका छन। यसरी साहित्यको विकास र विस्तार घटनाहरुको वृद्धि र मानवजीवनका अनुभवहरुको वृद्धिसँगै उखानटुक्काहरुको पनि विकास हुँदै गएको छ।

सुरुमा मानिसहरु थोरथोरै हुने समयमा खेतीपाती पनि थोरै समय गर्ने र गाईवस्तु पनि धेरै नभएको अवस्थामा आजभोलिको जस्तो शिक्षा वा थोरथोरै हुने समयमा आजभोलिको जस्तो शिक्षा स्वास्थ्य सञ्चार यातायात बिजुलीको विकास नभएको समयमा सबै मानिसहरु एकैसाथ भेला भएर उखानटुक्काहरु भन्ने र सुन्ने गर्दथे यसैबेलादेखि उखानटुक्काको विकास भएको हो । एकआपसमा रमाइलो गर्ने, हाँसो ठट्टा गर्ने कुनै शब्द अन्तरा मिलेको त कुनै शब्द नमिलेको भएपनि रमाइलो गर्ने चलन थियो। यसैबाट उखानटुक्काको विकास भएको हो।

## उखानटुक्काका विशेषताहरू

लोकजीवनमा मानिसले परम्परादेखि प्रयोग गर्दै आएका र मानव अनुभव र विवेकले खारिएका उक्तिहरु नै उखानटुक्का हुन्। यिनले भाषा शिक्षणलाई रोचक मात्र बनाउने होइनन्। यिनले मानव जगतलाई उचित ज्ञानमूलक शिक्षा दिने गर्दछन्। उखानटुक्काहरुले कुनैपनि भाषिक समुदायको सामाजिक, सास्कृतिक, धार्मिक र ऐतिहासिक विशेषता बोकेको हुन्छन् । यसैले उखानटुक्कामा निम्नानुसारका विशेषता हुन्छन्।

### संक्षिप्त

उखानको रुप संक्षिप्त हुन्छ। संक्षिप्त हुनाले नै यसको रूप छोटो, छरितो र खिरिलो हुन्छ। सूत्रात्मक शैली अगालिएका उखानटुक्कालाई लामो अुभवबाट खिचिएको छोटो वाक्य भनिन्छ।

### सारगर्भित

उखानमा जीवन जगतका अनुभवहरुका सारपूर्ण कुराहरु समावेश गरिन्छन् । त्यसैले यिनमा थोरैमा धेरै भन्न सक्ने क्षमता हुन्छ। सारगर्भित ढंगले जीवन र जगतका विषयवस्तुको प्रस्तुति यिनले गरेका हुन्छन।

### सामान्य सत्यमा आधारित

उखानटुक्का समाजका सामान्य सत्यमा आधारित हुन्छन । यिनले सामाजिक सांस्कृतिक चालचलन र रीतिरिवाजलाई केही मात्रामा भएपनि भल्काएका हुन्छन । त्यसैले सामान्य सत्यतालाई प्रस्तुत गर्नु यिनको विशेषता हो।

### लोक अनुभवको प्रस्तुती

उखानलाई अनुभवका सन्तान भनिन्छ । यिनले लोकजीवनका लामा अनुभवहरुलाई आत्मसात् गरेका हुन्छन। प्राचीन समयदेखि प्रचलनमा रहेका लोक विश्वासहरुलाई व्यक्त गर्दछन।

## परिपक्क ज्ञानको प्रस्तुती

उखानटुक्कालाई प्रौढ बुद्धि, गम्भीर विवेक र गहन ज्ञानको भण्डार मानिन्छ। यिनीहरु परिपक्क ज्ञान र अनुभवमा आधारित हुने हुनाले भाषिक गहनता र ओजपूर्णता हुन्छ । यिनलाई पूर्खाका अमूल्य अनुभव सगालेका सम्पत्ति भनिन्छ। त्यसैले यिनमा अनुभवको अजस्र स्रोत हुन्छ।

### सरल र सहज

जटिल नभै सरल र सहज हुनु यिनको अर्को विशेषता हो । सरल ढंगले लोक जीवनका अनुभव र घटनाहरुलाई उजागर गर्ने काम यिनले गर्दछन । समाजका शिक्षित–अशिक्षित सबै खालका मानिसले सजिलैसँग बुभ्न सक्ने क्षमता यिनमा हुन्छ।

### सार्वभौमिक

उखानटुक्काको प्रयोग सबै भाषामा हुने गर्दछ । यिनको प्रयोग कुनै भाषा र क्षेत्र विशेषमा नभै सबै भाषा समुदाय र क्षेत्रमा हुने गर्दछ। सार्वभौम हुनु अर्को महत्त्वपूर्ण विशेषता हो।

**सार्वकालिक**

उखानटुक्का कहिल्यै पनि पुराना हुँदैनन्। प्राचीन समयदेखि वर्तमान समयसम्म मानव समाजमा समान रुपमा प्रयोग व्यवहार हुँदै जानु यिनको खास विशेषता हो । जुनसुकै समयमा पनि उत्तिकै महत्त्व राख्दछन। भाषाको प्रयोगमा यी प्राचीन समयदेखि वर्तमान समयसम्म समान रुपले प्रयोग व्यवहारमा आउँछन्।

**उत्तेजक**

यिनमा उत्तेजनात्मक विशेषता हुन्छ। यिनले मानवमनमा सजिलैसँग उत्तेजना पैदागरी मानवीय मनलाई प्रभावित पार्नु यिनको विशेषता हो। यिनको रुप अत्यन्तै घतलाग्दो हुन्छ।

**नेपाली भाषामा प्रयोग हुने केही उखानटुक्का र तिनको अर्थ**:

१) आए आप गए झटारो – भए राम्रै नभए पनि केही छैन
२) गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु – काम गर्ने एउटा जस पाउने अर्को
३) इन्द्रको अगाडी स्वर्गको बयान – जान्नेको अगाडि नजान्नेले फुर्ति लगाउनु
४) हात्तीको मुखमा जिरा – आवश्यकताभन्दा सारै थोरै वस्तु पाउनु
५) नाच्न नजान्ने आगन टेढो – नजान्ने मान्छेले अरूलाई दोष दिन्छ
६) कालो अक्षर भैँसी बराबर – कुनै जानकारी नै नहुनु
७) देश गुनाको भेष – अवस्था अनुसार चल्नुपर्छ
८) जति जोगी आए पनि कानै चिरेका – सबै उस्तै काम नलाग्ने
९) बाँदरको पुच्छर लौरो न हतियार – कुनै पनि काम नलाग्नु
१०) हुने हार दैव नटार – हुने कुरा भएरै छोड्छ
११) जोगीका घरमा सन्यासी पाहुना –जोसित छैन उसैसित माग्न आउनु
१२) गाई मारी गधा पोस्नु – असललाई छोडेर खराबलाई साथ दिनु
१३) अँध्याराको काम खोलाको गीत – अर्थहीन काम गर्नु
१४) अकवरी सुनलाई कसी लाउनु पर्दैन – राम्रो कुरालाई जाचीरहनु पर्दैन
१५) अचानाको चोट खुकुरीले जान्दैन – पिर पर्नेलाई मात्र थाहा हुन्छ
१६) आलु खाएर पेडाको धाक – सानो काम गरेर ठूलो काम गरेको भन्नु
१७) आफू नमरी स्वर्ग देखिन्न – आफूले काम नगरून्जेलसम्म त्यसको प्रतिफल थाहा हुँदैन
१८) आकाशको फल आखाँ तरी मर – असम्भव कुरालाई चुप लागेर हेर्नु बाहेक उपाय नहुनु
१९) अगुल्टाले हानेको कुकुर बिजुली चम्कदा तर्सन्छ – एकचोटी असफल भएको मान्छे सधैँ डराउँछ
२०) आफू नमरी स्वर्ग देखिँदैन– दुःख नभोगी सुख पाइदैन
२१) दुवै हातमा लड्डु – दुवैतिर फाइदा नै फाइदा
२२) इलमीको भागमा माछा र मासु – परिश्रम गर्नेलाई सुख हुन्छ
२३) एकले थुकी सुकी,सयले थुकी नदी – सामुहिक कार्य सफल हुन्छ
२४) कहिले सासुको पालो,कहिले बुहारीको पालो – मौका सबैको आउँछ
२५) म ताक्छु मुढो,बन्चरो ताक्छ घुँडो – आफूले एउटा सोच्यो अर्कै हुन्छ
२६) आफ्नो आङको भैँसी नदेख्ने,अर्काको आङको जुम्रा पनि देख्ने – आफ्नो केही पनि नदेख्ने अरूको सानो कुरा पनि पहाड बनाउनु
२७) ईख नभएको मान्छे,वीष नभएको सर्प – ईख नभएको मान्छेको केही महत्त्व हुँदैन्
२८) ओरालो लागेको मृगलाई बाच्छाले खेद्छ – हेपिएको मान्छेलाई जस्ले पनि हेप्छ
२९) काला अक्षर भैँसी बराबर – केही कुरामा ज्ञान नभएकोलाई बुझाउँदा अलमल पर्नु
३०) कुकुरको पुच्छर बाह्र वर्ष ढुङ्ग्रोमा हाले पनि बाङ्गाको बाङ्गै– नराम्रो बानी नसुन्नु
३१) कुरा र कुलो जता लग्यो त्यतै जान्छ – कुरालाई जसरी बनाएर पनि भन्न सकिन्छ
३२) काम गर्ने कालु मकै खाने भालु – काम अर्कैले गर्नु तर त्यसको फल अर्कैले पाउनु
३३) खाने मुखलाई जुङ्गाले छेक्दैन – कसैको इच्छा भए रोक्न सकिन्न
३४) घाँटी हेरी हाड निल्नु – आफ्नो क्षमता अनुसार काम गर्नु

३५) घरको बाघ वनको स्याल – घरकालाई हेप्ने तर अरूलाई हेप्ने चाहिँ हिम्मत नहुनु

३६) हिस्स बुढी खिस्स दाँत – चाहेको कुरा नपाउनु

३७) लहरोतान्दा पहरो गर्जन्छ – सानो कुराले ठूलो कुरा फुत्किनु

३८) रातभरी करायो दक्षिणा हरायो – परिश्रमको फल चाख्न नपाउनु

३९) नपत्याउने खोलाले बगाउँछ – नसोचेको कार्य पुरा हुनु

४०) जो होचो उसका मुखमा घोचो – कमजोरलाई सबैले हेप्छन

४१) पशुपतिको जात्रा सिद्राको व्यापार – दोहोरो फाइदा हुनु

४२) रातभरी करायो दक्षिणा हरायो – जति नै गाह्रो सहेर नि काम गर्दा नि ज्याला नदिनु

४३) ल्हासामा सुन छ ,कान मेरो बुच्चै – अर्काको धन काम लाग्दैन

४४) हुने बिरूवाको चिल्लो पात – पछी राम्रो कुराको पहिले नै सङ्केत मिल्नु

४५) मुखमा राम राम बगलीमा छुरा – बाहिर ठिक्क पार्ने तर भित्र षडयन्त्र गर्ने

४६) नमिच्चिने पिङको सय झड्का – नजान्ने बढी फुर्ति देखाउनु

४७) जसले मह काढ्छ उसैले हात चाट्छ – जसले काम गर्छ उसैले नै फल पाउँछ

४८) जुन थालमा खानु त्यही थालमा चुठ्नु – जुन मानिससँग सहयोग लियो ,त्यसैको विरोध गर्नु

४९) ताक परे तिवारी नत्र गोतामे – अवसरवादी

५०) मेरो गोरूको बाह्रै टक्का – नचाहिँदो जिद्दी गर्नु

यसरी नेपाली भाषा सिकाइमा प्रशस्त उखानटुक्काको प्रयोग हुने गर्दछ। भाषा शिक्षणलाई प्रभावकारी, रोचक र ओजपूर्ण बनाउन यिनले महत्त्वपूर्ण भूमिका खेल्दछन् । यिनको प्रयोगले भाषा  मार्मिक सरस र सजीव हुनुका साथै प्रवाहपूर्ण बन्दछ । उखानटुक्का प्रयोगको उपयुत्त तौरतरिका सिक्ने सिकाउने उपयुक्त माध्यम भाषा शिक्षण नै भएकाले भाषाका आधारभूत एकाइहरु ध्वनि, वर्ण, रुप, वाक्य, अर्थ हुँदै शब्दभण्डार र उखानटुक्का सम्म समेटिने गर्दछन । त्यसैले भाषा सिकाइमा उखानटुक्का शिक्षणको उपयोग महत्त्वपूर्ण मानिन्छ।

## निष्कर्ष

भाषा सिकाइमा उखानटुक्का अमूल्य नीधि हुन । यिनले भनाइलाई ओजपूर्ण बनाउँदै शिक्षण  सिकाइलाई प्रभावकारी बनाउछन । भाषा शिक्षण व्यवस्थित हुन्छ । यसमा उखानटुक्काको प्रभावकारी प्रयोग गर्दै गएमा सिकाइ अझ अर्थपूर्ण र प्रभावकारी हुन्छ। उखानटुक्का उच्चस्तरीय भाषिक परिष्कारसँग सम्बन्धित भएकाले, यिनको शिक्षण त्यसै अपेक्षा अनुरुप गर्नु आवश्यक मानिन्छ। यसले भाषाप्रयोगका विशिष्ट शैली र स्तरीय मर्म व्यक्त गर्न सक्ने बान्किलो, खिरिलो, प्रभावोदत्पादक र स्वादिष्ट भाषिक क्षमताको विकास गर्न यसको शिक्षण महत्त्वपूर्ण हुन्छ। प्रसंग अनुसार चिटिक्क परेका वाक्य पद्धतिहरुको प्रयोग गरी प्रभावकारी अभिव्यक्ति दिन समेत भाषा सिकाइमा उखानटुक्का शिक्षण महत्त्वपूर्ण हुन्छन् । उखानहरू कहिल्यै असत्य हुन सक्दैनन् किनभने उखानमा मौलिक जनजीवनको सारपूर्ण व्यवहारिक कुरालाई प्रस्तुत गरिएको हुन्छ। समाजको रीतिरिवाज, चालचलन संस्कार र संस्कृति जस्ता लोकजीवनमा देखिने हरेक पक्षको समुचित अभिव्यक्ति उखानमा आएको हुन्छ। जीवनको घामछायाँ र सुख–दुःखमा डुबुल्की मार्दै जीवनका अमूल्य अनुभव र अनुभूतिहरूलाई सँगाल्दै आएका विगत र वर्तमानका रोचक तथा मार्मिक कथनलाई उखानले बोकेको हुन्छ। समाज र राष्ट्रको भाषिक समुदायमा अमूल्य सम्पत्तिको रूपमा उखान जीवन्त रहँदै आएका छन्। बोलीचाली तथा छलफलको क्रममा उखानको सानो कथनले ठूला–ठूला तर्क, वितर्क,व्याख्यान आदिलाई प्रभावित पार्दछ। उखान भाषा, देश, कालमा सीमित नभई सार्वकालिक,सार्वदेशिक तथा सार्वजनिक सम्पत्तिका रूपमा प्रयोग भएको पाइन्छ । उखानमा बाबुबाजेका अनुभवसिद्ध उक्ति वा कथनका रूपमा अभिधेयार्थ तथा लक्ष्यार्थ भाव बोकी जनबोलीमा सीमित हुँदै आएका उखानहरूले भाषालाई ओजस्वी र प्रभावकारी बनाएको हुन्छ। ऐतिहासिक विषयवस्तुलाई केलाई त्यसबाट सारवस्तु ग्रहण गर्न उखानले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ।

## सन्दर्भ सामग्री सूची

गिरी, जीवेन्द्रदेव (२०५७), हाम्रा लोकगाथा, काठमाडौँ : एकता प्रकाशन।

तिमिल्सेना, शिवप्रसाद (डि.२०२०), कक्षा १० को नेपाली पाठ्यपुस्तकमा उखानटुक्काको प्रयोग त्रि.वि जर्नल भोलुम ३५, नं २:१७३–१८९ ।

त्रिपाठी, वासुदेव, अवस्थी, महादेव र भण्डारी, पारसमणि (२०५१), निम्नमाध्यमिक नेपाली व्याकरण र रचना, (दोस्रो संस्क.), काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि.।

देवकोटा, रामप्रसाद (२०७३), नेपाली उखान सङ्ग्रह, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

पराजुली, कृष्णप्रसाद (२०५७), नेपाली उखान र गाउँखाने कथा, (चौथो संस्क.), काठमाडौँ : रत्न पुस्तक भण्डार।

पोखेल, बालकृष्ण (२०४०), राष्ट्रभाषा, (पाचौँ संस्क.), ललितपुर : साझा प्रकाशन।

फुलारा, डिल्लीराज (२०७२), सेतीको सुसेली, कैलाली बहुमुखी क्याम्पस जर्नल अंक ८ ११४–११७।

बन्धु, चूडामणि (२०५८), नेपाली लोक साहित्य, काठमाडौँ : एकता बुक्स।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र रचना, काठमाडौँ : तलेजु प्रकाशन।

राणा, भरतजंग (२०७०), भरत उखान संग्रह, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

तिमिल्सेना, शिवप्रसाद (सन् २०२०), कक्षा दसको नेपाली पाठ्यपुस्तकमा उखानटुक्काको प्रयोग, टि.यू जर्नल भोलुम : ३५, नं २ : १७३–१८९।

लामिछाने, कपिल (२०६९), नेपाली उखान र टुक्काको अध्ययन, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन।

वस्ती, शरच्चन्द्र (सन् २००६), हाम्रो भाषा, ललितपुर : हिमाल किताब।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६३), लोकवार्ता विज्ञान र लोक साहित्य, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार।